# नेपालको खस्कदो कृषि र युवाहरूको विदेश पलायन

✍ कमल भण्डारी

## पृष्ठभूमि

प्रथम पञ्चवर्षीय योजना २०१३ मा पहिलो प्राथमिकतामा परेको कृषि क्षेत्र अहिले बिस्तारै धरापमा पर्न थालेको छ। कृषिप्रधानको नामले परिचित नेपाल अब रेमिटान्सप्रधानको रूपमा परिचत हुँदै गएको संकेत गाउँमा देखिने बाँझो जमिन र युवाहरू विदेश पलायनले पुष्टि गर्छ। युवाहरू भनेका देशका खम्बा हुन् भने नेपालको परिप्रेक्ष्यमा कृषि राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो। यी दुईको परिचालन नहुँदा नेपालीहरूका दैनिक खाद्यान्न विदेशबाट आयात हुन थालको छ। भर्खरै प्रकाशित एक तथ्यांकअनुसार २०६९/७० को पहिलो सात महिनामा ५ अर्ब रूपैयाँभन्दा बढीको चामल आयात भएको छ भने यसै अवधिमा ११ अर्ब रूपैयाँको कृषि उत्पादनमा आधरित खाद्यान्न नेपाली भन्सामा भित्रिएको छ। गत वर्ष धान उत्पादनमा २० प्रतिशतले वृद्धि भए तापनि चामलको मूल्य आकाशिएको थियो। यो वर्ष करिव २१० प्रतिशतले चामल आयात भएको तथ्यांक देखिएको छ। जति धेरै युवाहरू गाउँबाट वैदेशिक रोजगारमा आकर्षित भइरहेका छन् त्यो भन्दा बढी मात्रामा खाद्यान्न आयात चुलिँदै गएको छ। करिव दुई दशक पहिले खाद्यान्न निर्यात गर्ने नेपालमा अहिले यसरी अत्यधिक रूपले खाद्यान्न आयात गर्नु सकारात्मक संकेत पक्कै पनि होइन।

नेपाली समाजले कृषिलाई व्यवसाय भन्दा पनि संस्कृतिको रूपमा लिँदै आएको इतिहास हाम्रा सामु छ। परम्परादेखि जीविकोपार्जनको मूल आधार वन्दै आएको पेसा कमजोर हुँदै जानु भनेको नेपाली समाजको आधार नै भत्कँदै जानु हो। पुर्खौंदेखि गरिँदै आएको पेसालाई अहिलेका युवा वर्गहरूले किन अवलम्बन गर्न सकेनन्। कृषिले नेपाली युवाहरूका आकर्षण किन बढाउन सकेन, बाजेका पालादेखि हरभरा भएका खेतबारीहरू किन बाँझिदै गएका छन्? दही, मोही, सागपात, ढिडो, रोटो, गुन्द्रुक र भुटेका मकै जस्ता स्थानीय खाद्यान्नको स्वादमा रमाएका नेपाली जिब्रोहरू किन पाउरोटी र चाउचाउ जस्ता आयातित खानाका पारखी वन्दैछन्? गाउँमा बसेर कुटो कोदालो, मेलापात, अर्मपर्म गर्ने पौरखी तरुनी, तन्देरीहरू सहरमा आएर कुरमुरे, चिप्स, कोक, फेन्टा बिक्री गर्न हिँड्नु रहर हो कि बाध्यता हो यस्ता प्रश्नहरू जो कोहीको मनमा पनि उठ्न सक्छ। यसको एउटै उत्तर आउँछ वर्षभरि पटुका बाँधेर खेती गऱ्यो दुई महिना खान पुग्दैन। खेतीपातीको काम गर्दा समाजमा सवैले हेप्छन्। कस्तो नामर्द रहेछ यति लाठे भएर पनि गाउँमा बस्न सक्ने भनेर कुरा काट्नेहरू वढ्दै गएपछि के युवा-युवतीको मन थामिएला? के ऊ रहरले सहर वा मूग्लानतिर पलायन भएको हो? समाजमा खेतीपाती गर्नेले कहिल्यै सम्मान पाएनन्। अर्कोतिर खेती गर्नेका छोराछोरीले कहिल्यै राम्रो स्कुल पढ्न, सुकिलो नाना लगाउन, मीठो पसिनो खान र गतिलो जागिर पाउन नसकेको अवस्था ऐनाझैं छर्लङ्ग छ। अनि उसको मन कसरी मान्छ त गाउँमा हलो जोतेर बस्न। कसका आमा बावुलाई रहर छ आफ्ना छोरा छोरीलाई भविष्यको कृषक र गाई भैंसी हेर्ने गोठालो बनाउन। जुन काम गरेर जिन्दगीभरि आफूले समाजमा हेपाइ खाएको छ। अब त्यही गल्ती आफ्ना छोराछोरीमा दाहोऱ्याउन कसले आँट गर्छ? अहिले नेपालको ग्रामीण समाज खाडी मुलुकका लागि सस्तो मजदुर बनाउने कारखाना भएको छ। जहाँ १० पढ्यो हलो छोड्यो १२ पढ्यो थलो छोड्यो भन्दै चिसो हावापानीका कसिला युवाहरू तातो हावामा भेडा चराउने काममा आकर्षित हुँदै आएका छन्।

## युवावर्गहरू कृषिमा भन्दा वैदेशिक रोजगारीमा आकर्षित

नेपाली युवावर्गमा वैदेशिक रोजगारीको आकर्षणले गर्दा कृषि क्षेत्र उनीहरूका प्राथमिकतामा पर्न सकेको छैन । कतिपय किसान युवाहरू खेतीपातीबाट परिवार पाल्न मुस्किल पर्न थालेपछि (गाउँमा काम गर्न सक्ने युवा) विदेशिन बाध्य भएका छन् । एक अध्ययनअनुसार नेपालका करिब ३२ लाख युवाहरू रोजगारीका लागि खाडी मुलुकमा मात्र गएका छन् । यसैगरी युरोप, अमेरिका, अस्ट्रेलिया लगायतका देशहरू मा जानेको संख्या पनि कम छैन । अहिलेकै गतिमा युवा पलायन बढ्ने हो भने भविष्यमा मुलुकको कृषि क्षेत्र अझै पिछडिदै जाने र उत्पादनमा ह्रास आई खाद्यान्न अभाव चर्को रूपमा बढ्ने सम्भावना प्रबल देखिएको छ ।

### विगत ११ वर्षमा नेपालबाट वैदेशिक रोजगारमा जानेको अवस्था




स्रोतः एशियाली विकास बैंक, २०११

## कृषिको अवस्था कसरी खस्कँदै छ ?

नेपालमा कृषिको अवस्था खस्कँदै जानुका धेरै कारणमध्ये यस लेखमा मुख्यतया युवा वर्गको वैदेशिक पलायन, राज्यबाट पाउने सेवा सुविधामा कमी र कृषकहरूका सम्मान हुन नसक्नुलाई विश्लेषण गरिएको छ । करिब ६७ प्रतिशतलाई रोजगारी दिने कृषि राज्यको प्राथमिकतामा नपर्नु नै कृषिको अवस्था कमजोर हुनुको पहिलो कारण हुन सक्छ । खासगरी कृषिलाई उन्नत बनाउनका लागि राज्यले कृषकहरूलाई समयमा मल, बीउको उपलब्धता नगराउनु, खेतीयोग्य जमिनमा सिँचाइको अभाव हुनु, उपयुक्त कृषि प्रविधिको विकास हुन नसक्नु र आवश्यक समयमा प्राविधिक सहयोग नपाउनुले युवाहरूमा कृषिप्रतिको वितृष्णा बढ्दै वैदेशिक रोजगारप्रति आकर्षण बढेको हो भन्ने बुझाइ छ । यसैगरी जलवायु परिवर्तनको असरहरू जस्तैः बाढी, पहिरो, सुख्खा, खडेरीका कारण कृषि उत्पादनमा ल्याएको अनिश्चितता तथा खेतीपातीमा गरिने लगानी भन्दा आम्दानी कम हुनुले नेपाली कृषकहरूलाई कृषि पेसाप्रतिको विकर्षण हुँदै गएको हो । खेतीपाती कृषक एक्लैले गर्न सक्ने कुरा होइन यसको लागि काम गर्ने जन शक्तिको आश्यक पर्छ । अहिले गाउँमा काम गर्ने मान्छेको अभाव सँगसँगै ज्याला महँगो भएको छ । पशुपालन गर्नेहरू घट्दै जाँदा जोत्ने गोरुको अभाव छ । नेपालमा धेरैजसो खेतीपाती गर्ने जमिन भनेको साँघुरा गह्रा, कान्लाहरूले भरिएको छ जहाँ हल गोरु र खन्ने मान्छेको आवश्यकता पर्दछ । महँगो मूल्यमा खेतबारी जोत्न गोरु किन्न नसक्ने अवस्था छ भन्छन् काभ्रे राम्चेबेसीका कृषक हरिप्रसाद सापकोटा । उनका अनुसार एक हल गोरुको एक दिने ज्याला १५ सय रूपया तिर्नुपर्ने भएको छ । साधारण किसानलाई गोरु प्रयोग गरी खेती गर्न नसकिने अवस्था छ । विगत ५ वर्षको तुलनामा काम गर्ने मान्छे, जोत्ने गोरु, मल, बीउको मूल्यमा पाँच गुणाले वृद्धि भएको छ भने उत्पादित वस्तुको मूल्यमा भने खासै वृद्धि नभएको कुरा सापकोटाले बताए । यसैगरी साधारण दूध दिने एउटा भैंसी २ वर्ष अगाडि ४० हजारमा पाइने भए पनि अहिले ८० हजार रुपैयाँसम्ममा खरिद बिक्री हुने गरेको छ । कृषि क्षेत्रमा लागत मूल्य बढे पनि किसानले उत्पादन गर्ने कृषि उपजको लागतअनुसार मूल्य वृद्धि हुन सकेको छैन । बिचौलियाका कारण कृषि उत्पादक किसानले वास्तविक मूल्य पाउन सक्ने अवस्था छैन । गाउँमा दूध पानी भन्दा सस्तो छ । तरकारी र अन्नबाली पनि सस्तोमा नै बेचिने गरेको छ । तर बजारमा ग्रामीण क्षेत्रका

उत्पादन ल्याईपुऱ्याउँदा मूल्य दोब्बर हुने गरको छ। त्यसको फाइदा बिचौलियाले लिँदै आएका छन् । यस्तो अवस्था नेपालका अधिकांश किसानहरूले भाग्नु परेको छ तर यसप्रति राज्य मौन छ। अर्कोतिर समाजमा खेतीपाती गर्ने भनेको अनपढहरूले हो भन्ने बुझाइ मौलाएको छ। जस्को विदेश जाने भिसा लागेको छैन, दुईचार अक्षर पढेको छैन, आर्थिक तथा समाजिक रूपमा कमजोर छ, राजनीतिका पहुँच कम छ यस्ता मानिसहरूले मात्र खेतीपातीको काम गरेका छन् । गाउँमा अमर्यादित पेसाको रूपमा कृषिको पहिचान बन्दै जाँदा माटोमा सुन फलाउने किसानहरूमा निराशा छाउन थालेको छ। यसको परिणामस्वरूप परापूर्वकालदेखि जीवन पद्धतिको रूपमा रहिआएको खेपापातीमा अभ्यस्त कृषकहरूले हलो, जुवा छोडेर, हल गोरु बिक्री गरी आफूले खेती गर्दै गरेको जमिन नै बन्धकी राखेर विदेश पलायन वा सहरका गल्लीमा कुरमुरे तथा कोक बिक्री गर्नेको संख्या बढको छ। गाउँमा काम गर्ने जनशक्ति बाहिरिएपछि बाँकी रहेका बूढापाका, बालबच्चा तथा महिलाहरूको काँधमा खेतीपातीको भार बढ्दै गएको छ। उनीहरूले घर वरपरका बारीमा कोदो रोप्न वा सामान्य तरकारी फलाउन बाहेक बेँसीमा रहको जग्गा जोत्न सक्ने अवस्था पनि भएन भने जमिन नभएकाहरूले खेती गर्न खोज्दा मोहियानी लाग्ने डरले जमिन बाँझो छोडका छन्। जमिनमा उत्पादन नभएपछि सहरबाट गाउँमा खाद्यान्न भित्रिएको छ । टोल टोलमा खुद्रा पसलहरू भरिएका छन् जहाँ बिस्कुट, पाउरोटी, चाउचाउ, कुरमुरे, स्वायबिन, खैनी, बोइलर कुखुराको मासु, मदिराले भरिएको छ। ग्रामीण किसानहरूको खाद्यान्न कोदो, मकै, धान, साग, सब्जी, दूध, दही भन्दा चाउचाउ, कोक, कुरमुरे, चिप्स स्वायबिन भएको छ भने विदेशबाट पठाएको रकम गाउँमा भित्रिन नपाउँदै विदेशतिरै फर्किने गरको छ। यसरी कृषि उत्पादन घट्दै जानु र युवाहरूले पसिना बगाएर पठाएको रकम पनि उतैतिर जानु भनेको राज्यको अर्थतन्त्रमा नै प्रत्यक्ष असर पर्नु हो।

देशको राजनीति परिवर्तन सँगै सामाजिक, आर्थिक सांस्कृतिक रूपान्तरणहरू हुँदै गएका छन् तर कृषि भने बिस्तारै खस्कँदै गएको अवस्था छ। कृषि राज्यको प्राथमिकतामा नपर्नुले पनि कृषकहरू मा निराशा पलाउँदै गएको हो । यस्तो अवस्था आउनमा मूलतः निम्न कारणहरू छन :

- कषि क्षेत्रमा राज्यको न्यून लगानी र भएको लगानी पनि साना किसानसम्म नपुग्नु
- स्थानीय निकायमा जाने १५ प्रतिशत कृषि बजेट गैरउत्पादनमूलक क्षेत्रमा खर्च गरिनु
- कृषि प्रसार व्यवस्था प्रभावकारी हुन नसक्नु
- कृषि प्रविधि, सेवा र पूर्वाधारको कमी हुनु
- गा.वि.स.स्तरमा कृषि प्राविधिकहरूको व्यवस्था नहुनु
- जलवायु परिवर्तनको असर कृषि उत्पादन ह्रास हुँदै जानु
- राज्यको सेवा र सुविधावाट वञ्चित किसानहरूले लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसक्नु
- कृषि क्षेत्रबाट युवाहरूको पलायन र कृषि कार्यमा महिलाहरूको नेतृत्वदायी भूमिका भए तापनि उपलव्ध कृषि प्रणाली महिलामैत्री नहुनु
- गुणस्तरीय कृषि उत्पादन सामग्रीहरू समयमा उपलब्ध नहुनु
- कृषि उपजको उचित बजार व्यवस्था नभएका कारण उत्पादित वस्तुको उचित मूल्य नपाउनु
- साना किसानहरूले सुलभ ब्याजदरमा कृषि ऋण नपाउनु
- साना किसानमैत्री नीति नियमहरूको अभाव
- स्थानीय बीउहरूको लोप हुँदै जानु र आयातित बीउहरू अत्यन्तै महँगो हुनु
- दिगो कृषि प्रविधिका आधारभूत ज्ञान र सीपमा कमी
- रासायनिक विषादी तथा मलको अनियन्त्रित प्रयोगले माटोको उर्वरा शक्तिमा ह्रास हुँदै जानु

## निकास के हुन सक्छ ?

नेपालमा कर्म गर्ने किसानसँग जमिन कम छ भने काम नगर्नेहरूसँग जमिन बढी छ त्यसकारण काम गर्नेहरूलाई जमिन हस्तान्तरण गर्ने आँट राज्यले गर्नुपर्छ। विशेषगरी सान किसानमुखी कृषि नीति र त्यसको कार्यान्वयन नभएकै कारण कृषकहरू खाद्य असुरक्षाको चपेटामा परेका छन्। त्यसैले कृषिसँग सम्बन्धित नीतिहरू साना किसानमैत्री बनाइनु पर्छ। यसैगरी कृषि पेसालाई एक मर्यादित र सम्मानित पेसाको रूपमा पहिचान हुने वातावरण सिर्जना गर्नुपर्छ। जलवायु परिवर्तनको वढ्दो असरले साना किसानहरूलाई प्रत्यक्ष असर पार्न थालेको हुँदा जलवायु अनुकूलका लागि पानीका मुहानहरूकोसंरक्षण, साना सिँचाइ, प्लास्टिक पोखरी, थोपा सिँचाइ, जैविक मल, बीउ बनाउने आवश्यक प्राविधिक ज्ञान, लोपोन्मुख रैथाने बीउहरूको संकलन, संरक्षण र भण्डारणको व्यवस्था, साना किसानहरूलाई प्रोत्साहन हुने कृषिका कार्यक्रमहरू जस्तै कृषक सम्मान र पुरस्कारको व्यवस्था, गोठको सुधार, दिगो खेतीपातीको अभियान, अध्ययन अवलोकन, आवश्यकताअनुसार कृषि प्राविधिको सुनिश्चिता हुनुपर्दछ । गा.वि.स.मा छुट्याएको १५ प्रतिशत कृषि बजेट साना किसानहरूको संगठनमार्फत उत्पादनमूलक क्षेत्रमा अनिवार्य खर्च गर्नुका साथै यसको उचित अनुगमको व्यवस्था गरिनु पर्दछ। कृषि सहकारीको प्रवर्धन र विकासमा सहयोग, कृषि उपज संकलन तथा बिक्री केन्द्रको व्यवस्था तत्काल गरिनुपर्छ। कृषि तथा पशुको बिमाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। युवाहरूलाई कृषिप्रति आकर्षण बढाउनका लागि अनुदानको व्यवस्था अनिवार्य गरिनुपर्दछ। स्थानीय स्तरमा उत्पादन भएका कृषि उपजहरूको व्यावसायिक प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गरिनुपर्छ कृषकहरूको पहिचान सहितको वर्गीकरण गरी सोहीअनुरूपको सेवा सुबिधा उपलब्ध गराउनु आवश्यक छ। आत्मनिर्भरमुखी कृषि नीति र कार्यक्रममा जोड दिनु, कृषि सेवा र स्रोतमा कृषकको सहज पहुँचका लागि स्रोत सम्पन्न र विकेन्द्रित सरकारी संरचनाहरूको व्यवस्था गर्नु पर्दछ। विद्यालयदेखि विश्व विद्यालय तहसम्म व्यावहारिक कृषि शिक्षामा जोड दिनु कृषि विषयमा उच्च शिक्षा अध्ययनका लागि साना किसानका सन्तानहरूलाई आरक्षणको व्यवस्था गरिने जस्ता कार्यक्रमहरू लागू भएमा नेपालको कृषि फस्टाउन सक्ने आधार बलियो देखिन्छ। अन्त्यमा, कृषि हाम्रो जीविकाको मूल आधार हो भने यसलाई परिचालन गर्नँ युवाहरूको प्रमुख भूमिका रहने भएकाले उनीहरूलाई कृषि कर्ममा रमाउने वातावरणको सिर्जना गर्नु राज्यको प्रमुख आवश्यकता हो।

*लेखक लामो समयदेखि प्राकृतिक स्रोतमाथि स्थानीय समुदायको अधिकारका बारेमा आवाज उठाइरहनुभएको छ।*

_______........